

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्नें छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्क: प्रगति ट्रेड कर्न्सन

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा

कलर भिजिटिङ कार्ड

साथै

तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २९८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ मंसिर ४ गते मंगलबार ❑ 19 Nov. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## चीन भ्रमणमा विशिष्टीकृत अस्पतालको एजेण्डा समावेश गर्न प्रस्ताव

पोखरापत्र संवाददाता

पोखरा, ३ मंसिर

गण्डकी प्रदेश सरकारले प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न चीन भ्रमणमा पोखरामा क्यान्सर, मुटु, मिर्गौला, जलन, मातृ तथा बाल रोगसहितको विशिष्टीकृत अस्पताल निर्माणको एजेण्डा समावेश गर्न प्रस्ताव गरेको छ।

प्रदेश सरकारका स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकले मन्त्रीस्तरीय निर्णय र प्रदेश मन्त्रिपरिषद्को सफारिससहितको उक्त प्रस्ताव आइतबार सङ्घ सरकारका मुख्यसचिव एकनारायण अर्यालसमक्ष पेस गर्नुभएको हो । स्रोतसाधन र बजेटको अभावमा एक हजार शय्याको विशिष्टीकृत अस्पताल निर्माणको काम अगाडि बढ्न नसकेकाले भौतिक पूर्वाधार निर्माण, शय्या, औँजार, उपकरणलगायतमा चीन सरकारको सहयोगको अपेक्षासहित उक्त प्रस्ताव गरिएको मन्त्री पाठकले बताउनुभयो । "प्रदेश स्थापना भएपछि पहिलो प्रदेश सरकारले प्रदेश गौरवको आयोजनाका रूपमा विशिष्टीकृत अस्पताल बनाउने निर्णय गरे पनि स्रोतको अभावमा उक्त काम अझैसम्म अगाडि बढ्न सकेको छैन", उहाँले भन्नुभयो, "प्रधानमन्त्रीको चीन भ्रमणको एजेण्डाका रूपमा यो अस्पताल



समावेश भएर परियोजना कार्यान्वयन हुनसक्यो भने गण्डकी प्रदेशवासीले महत्वपूर्ण लाभ लिन सक्छन् ।" मन्त्री पाठकले गण्डकी प्रदेश चीनको भू-भागसँग जोडिएको र हालै यसै प्रदेशमा पर्ने कोराला नाकामा अध्यागमन कार्यालयसमेत स्थापना भएको अवस्थामा द्विपक्षीय लगानी तथा सहयोग आदानप्रदानमा थप सहजता थपिएको उल्लेख गर्नुभयो । "विशिष्टीकृत अस्पताल निर्माणमा गण्डकी प्रदेश सरकार र चीन सरकारबीच सहकार्य हुँदाको अवस्थामा दुवै देशका स्वास्थ्य क्षेत्रका अनुसन्धानकर्ता र विशेषज्ञका लागि अध्ययन तथा अनुसन्धानको अवसरसमेत सिर्जना हुन्छ", उहाँले भन्नुभयो ।

उक्त अस्पताल स्थापना भएपछि क्यान्सर, मुटु, मिर्गौला रोग, जलन जस्ता जटिल स्वास्थ्य समस्यामा हुँदा सर्वसाधारणले प्रदेशमै गुणस्तरीय सेवा पाउने स्वास्थ्य मन्त्रालयले जनाएको छ । अस्पतालमा एयर एम्बुलेन्ससहित आपतकालीन उद्धार सेवा उपलब्ध भई दुर्घटना तथा स्वास्थ्य विपद् व्यवस्थापनमा सहयोग पुग्ने जनाइएको छ । प्रस्तावित उक्त अस्पतालबाट परम्परागत चिनियाँ उपचार, आयुर्वेद चिकित्सा जस्ता सेवासमेत उपलब्ध गराउने उद्देश्य लिइएको मन्त्री पाठकले बताउनुभयो । पछिल्लो समय मुटु, मिर्गौला, क्यान्सर जस्ता रोगको बिरामीको सङ्ख्या बढ्दै गएकाले यी रोगको उपचारका लागि जिल्ला अस्पतालको रिफरल अस्पतालका रूपमा एकीकृत सेवासहितको विशिष्टीकृत अस्पताल निर्माणको योजना अगाडि बढाइएको उहाँको भनाइ छ । मन्त्री पाठकले केही समयअघि प्रधानमन्त्री ओलीलाई भेटी कास्कीको पोखरा महानगरपालिका-१६ स्थित जौवारी सिँचाइ विभागको २०० रोपनी जग्गा सोही अस्पताल निर्माण प्रयोजनका लागि प्रदेश सरकारलाई उपलब्ध गराइदिन माग गर्नुभएको थियो। प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रममा विशिष्टीकृत अस्पतालको योजना समेटिँदै आए पनि जग्गा र बजेट अभावका कारण कार्यान्वयनमा आउन सकेको छैन । "प्रधानमन्त्रीसमक्ष जग्गा व्यवस्थापनलगायत विभिन्न १२ वटा माग मन्त्रालयकातर्फबाट पेस गरिएको छ, प्रधानमन्त्रीले आवश्यक सहयोग र समन्वय गर्ने प्रतिबद्धता जनाउनुभएको छ", उहाँले भन्नुभयो ।

जटिल रोगको उपचार सेवाका लागि सर्वसाधारण काठमाडौँ जानुपर्ने बाध्यता अन्त्यका लागि पोखरामा सुविधासम्पन्न विशिष्टीकृत अस्पताल अत्यावश्यक रहेको मन्त्री पाठकले बताउनुभयो । स्वास्थ्य क्षेत्र सुधारको लक्ष्यसहित अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना बनाएर मन्त्रालयले काम सुरु गरेको मन्त्री पाठकको भनाइ छ । स्वास्थ्य क्षेत्रको नीतिगत, संस्थागत र संरचनागत सुधारको खाकासहित भावी कार्ययोजना बनाइएको उहाँले बताउनुभयो ।

## अन्नपूर्ण क्षेत्रमा एक महिनामै ३३ हजार बढी पर्यटक

पोखरापत्र संवाददाता

पोखरा, ३ मंसिर

अन्नपूर्ण संरक्षण क्षेत्रमा गत कात्तिक महिनामा ३३ हजार तीन सय १० विदेशी पर्यटक भित्रिएका छन् ।

जसमध्ये दक्षिण एसियाली मुलुकका ११ हजार छ सय ७८ र अन्य मुलुकका २१ हजार छ सय ३२ पर्यटकले उक्त क्षेत्रको भ्रमण गरेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)ले जनाएको छ ।आयोजना प्रमुख डा रविन कडरियाका अनुसार गत साउनयता ८३ हजार ३१ विदेशी पर्यटकले उक्त क्षेत्रको भ्रमण गरेका हुन् । गत वर्ष सोही अवधिमा ६७ हजार चार सय ४२ जना पर्यटकले 'एक्याप'को भ्रमण गरेका थिए । गत आवमा दुई लाख २२ हजार एक सय ८० पर्यटकले उक्त क्षेत्रको भ्रमण गरेकामा चालु आवमा दुई लाख ५० हजारभन्दा बढी पर्यटक भित्रने अपेक्षा एक्यापको छ । गत असोजयता पर्यटकको आवागमन बढेको उहाँको भनाइ छ । असोजमा ३० हजार सात सय ३२ विदेशी पर्यटक उक्त क्षेत्र भ्रमणका लागि पुगेका थिए । जसमा एसियाली मुलुकका ११ हजार नौ सय ८५ र अन्य मुलुकका १८ हजार सात सय ४७ पर्यटक थिए । अन्नपूर्ण चक्रीय पदमार्ग आसपासका गन्तव्यस्थलमा पुग्ने विदेशी पर्यटकको सङ्ख्या गत वर्षभन्दा यसवर्ष बढेको एक्यापले जनाएको छ । अन्नपूर्ण चक्रीय पदमार्गमा घुमफिर गर्ने विदेशी पर्यटकको मात्र तथ्याङ्क राख्ने गरिएको छ । सडक र हवाई मार्ग भएर बर्सेनि उल्लेख्य सङ्ख्यामा आन्तरिक पर्यटक एक्यापका विभिन्न गन्तव्यस्थल पुग्ने गरेका छन् । हाल मुख्य पर्यटकीय याममा अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल, घान्द्रुक, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, मुक्तिनाथ क्षेत्र, म्याग्दीको घोडेपानीलगायत अन्नपूर्ण फेरोमा पर्ने गन्तव्यस्थलमा आन्तरिक तथा बाह्य पर्यटकको बाक्लो चहलपहल देखिएको उहाँको भनाइ छ । दोस्रो मुख्य पर्यटकीययाम सुरु हुँदासम्ममा यो वर्षको पर्यटक आवागमन उल्लेख्य मात्रमा बढ्ने अनुमान गरिएको आयोजना प्रमुख कडरियाले बताउनुभयो ।

सात हजार छ सय वर्ग किलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्र पदयात्राका लागि आकर्षक गन्तव्य मानिन्छ । पर्यटक पथप्रदर्शक दिवस गुरुङका अनुसार अन्नपूर्ण क्षेत्र प्राकृतिक सुन्दरता, जैविक विविधता, हिमाली जनजीवन, संस्कृति आदि कारणले पर्यटकको रोजाइमा पर्ने गरेको हो । कास्की, लमजुङ, मनाङ, म्याग्दीलगायत जनसुकै मार्गबाट अन्नपूर्ण क्षेत्रको छोटो, मध्यम र लामो दुरीको पदयात्रा गर्न सकिन्छ । आकर्षक गन्तव्यस्थल, पर्यटनमैत्री पूर्वाधार, स्थानीयवासीको आतिथ्यता र सेवा सुविधाका हिसाबले अन्नपूर्ण चक्रीय पदमार्ग घुमफिरका लागि उत्कृष्ट गन्तव्य मानिन्छ ।

## "व्यवसायिक सीप : रोजगारी र आत्मनिर्भरता तर्फको कदम"

पोखरापत्र संवाददाता

पोखरा, ३ मंसिर

गण्डकी प्रदेश सरकारका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापाले व्यवसायिक सीप रोजगारी र आत्मनिर्भरता तर्फको कदम भएको बताएका छन् । सोमबारबाट व्यावसायिक तथा


बाँकी अन्तिम पृष्ठमा ▶▶




## पदयात्री र उच्च भेगमा जाने पर्यटकका लागि कोरियन अक्सिजन मास्क नेपाली बजारमा

पोखरापत्र संवाददाता

पोखरा, ३ मंसिर

२ हजार ५ सय मिटर भन्दा माथिको भेगमा जाने पर्यटन तथा पदयात्रीहरुको लागि अक्सिजन उतपादन गर्ने मास्क मानव जीवन रक्षाको लागि अति आवश्यक भएको बताइएको छ।

ट्रेकिङ एजेन्सिज एसोसिएशन अफ नेपाल (टान) गण्डकीले सोमबार पोखराको वरपिपल रिसोर्टमा आयोजना गरेको उक्त मास्क प्रदर्शनी तथा महत्वको बारेमा जानकारी गराउन आयोजित छलफल कार्यक्रममा सहभागिहरुले उक्त मास्क नेपालको पदयात्रामा जाने पदयात्री सहित धेरै उचाईमा जाने पर्यटकहरुको लागि आति नै आवश्यक भएको जोड दिनु भएको हो । दक्षिण कोरियाको सेभिङ स्टोरी कम्पनी लिमिटेडले उत्पादन गरेको यो अभिनव मास्क धेरै उचाइमा पर्वतारोहण र ट्रेकिङ गर्नेहरूका लागि निकै नै फलदायी हुने पोखरा पर्यटन परिषदका अध्यक्ष तारानाथ पहारीले बताउनु भयो ।

नेपालको भूगोल सुहाउदो उक्त मास्कले प्रमोशन गर्न सके पदयात्रामा जाने भारतिय सहितका अन्य पर्यटकहरुलाई थप आकर्षण गर्न सकिने उहाँले दाबी गर्नु भयो । पोखरादेखि ८ सय मिटरको उचाई देखि



बसमा एकै दिनमा ४ हजार मिटरको उचाईमा जादा केही व्यक्तिहरुलाई लेक लाग्ने समस्या हुने पहारीले उल्लेख गर्नुभयो ।

टान गण्डकीका सल्लाहकार डम्बर बहादुर केसीले उक्त मास्क पदयात्रीहरुको लागि अनि नै आवश्यक भएकोले तत्काल खरिद गर्ने बताउनु भयो । अब पदयात्रामा जानेहरुको लागि उक्त मास्कको जोहो गर्न सके मानवको ज्यान बचाउन सकिने उहाँको तर्क थियो । होटल संघ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले हाल उक्त मास्क महङ्गो लागे पनि मानवको ज्यान भन्दा पैसा ठुलो नभएको बताउनु भयो । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका निमित्त कार्यालय प्रमुख नविल पोखरेलले नेपालको पदयात्रामा प्रायः भारतीय पर्यटकहरुलाई लेक लाक्ने समस्या बढी भएकोले केहीको ज्यान समेत गएकोले यसको राम्रोसंग बजारीकरण सहितको पर्यटकको सहज पहुच पुऱ्याउनु पर्नेमा जोड दिनु भयो ।

उच्च उचाइ क्षेत्रका लागि अक्सिजन उत्पादन गर्ने मास्क (इहथनभल-नभलभचबतष्लन :बकप ायच ज्ष्नज बतिष्तगमभ ब्चभब) को विषयमा उक्त मास्क उत्पादन गर्ने कोरियन कम्पनी अल्ट डट ओएक्सका संचालक हा ग्वाङ हो र उक्त मास्कका ब्राण्ड एम्बसडर ८ हजार भन्दा माथिका १४ वटा हिमाल आरोहि किम मिकोनले मास्कको महत्व र कसरी लगाउने लगायतका बिषयमा बताउनु भएको थियो । उक्त मास्क ५ पत्रे हुने, जहाँ दुई वटा अक्सिजन ट्यूव राखिएको हुन्छ भने अक्सिजन उत्पादनले दुई घण्टासम्म प्रयोग गर्न सकिन्छ सकिन्छ । मास्कको ४२ ग्राम तौल रहेको हुन्छ । यो मास्क लेक लागिसकेपछि पनि आराम गरेर लगाउदा मास्क काम गर्छ । यो मास्कले अक्सिजनको लेवल आफै मिलाउने हुनाले यो मास्क प्रयोग गर्न सुरक्षित हुने उनको भनाई छ। उक्त मास्कको नेपाली मुल्य ७ हजार पर्ने हाल २ बर्षको म्याद भएको नेपालको आधिकारीक बिक्रेता ट्रेकिङ क्याम्प नेपालका संचालक वाङ्चु शेर्पाले बताउनु भयो । कोरियन सरकारबाट अन्तराष्ट्रिय बजारसम्म मान्यता प्राप्त उक्त मास्क नेपालमा समेत आफुहरुले उपलब्ध गराएको उहाँले जनाउनु भयो । टान गण्डकीका अध्यक्ष कृष्ण प्रसाद आचार्यले उच्च भेगमा जाने ट्रेकिङ र पर्वतारोहण गर्नेहरूको लागि अत्यावश्यक सुरक्षा उपकरण अक्सिजन उत्पन्न गर्ने उक्त मास्क नेपालमा अति नै उपयोगी हुने विश्वास व्यक्त गर्नुभयो । भारतीय पर्यटकहरु लेक लागेर बर्षेनी धेरै पर्यटकहरुको ज्यान गएको सन्दर्भमा यसको महत्व र प्रभावकारीताको बिषयमा बुझाउन सके नेपालको पर्यटन समेत प्रबर्द्धन हुने उहाँले दाबी गर्नुभयो । टान गण्डकीका प्रथम उपाध्यक्ष तीर्थराज सुवेदी, सचिव गोपाल कृष्ण संग्रहौला, सहसचिव भुपेन्द्र कुमार लामा लगायले वोल्नु भएको थियो । उक्त मास्क हाल अमेरीका, युरोपमा समेत जान थालेको छ भने आगोलागी हुदा समेत लगाउन मिल्ने मास्क भेतनाममा पठाउन थालेको ग्वाम होले जनाउनु भयो ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# यु-१९ विश्वकपका लागि छानिएकी रचना र क्रिकेट दीपेशलाई सम्मान

पोखरापत्र संवाददाता
पोखरा, ३ मंसिर

पोखरेली क्रिकेटरद्वय रचना चौधरी र दिपेश खत्रीलाई पोखरामा सम्मान गरिएको छ । पोखरा महानगर क्रिकेट संघले एक समारोहका बीच दुई खेलाडीको सम्मान गरेको हो ।



१९ वर्ष मुनिको विश्वकप क्रिकेट प्रतियोगितामा नेपाली राष्ट्रिय टोलीबाट छनौट हुन सफल पोखरा गलेश्वरकी रचना चौधरी र पोखरा चाउथेका दिपेश खत्रीलाई उनीहरूले पोखराको क्रिकेट विकासमा पुऱ्याएको योगदानको कदर गर्दै संघले सम्मान गरेको हो । पोखरा महानगर खेलकुद विकास समितिका अध्यक्ष दीपक गोदारले उनीहरूलाई दोसल्ला ओडाएर सम्मान-पत्र प्रदान गरे । सो अवसरमा बोल्दै अध्यक्ष गोदारले खेलाडीहरू राष्ट्रको गहना भएको बताउँदै उनीहरुलेनै अन्तर्राष्ट्रिय जगतमा राष्ट्रको सान उँचो पार्ने औंल्याए । पोखरा महानगर क्रिकेट समितिको सहयोगमा महानगर क्रिकेट संघले आयोजना गरेको क्रिकेटको ग्रासरुट कार्यक्रमबाट रचना जस्तै अन्य होनहार खेलाडी उत्पादन हुनेमा उनले विश्वास व्यक्त गरे । उनले यो कार्यक्रमलाई निरन्तरता प्रदान गरिने प्रतिवद्धता जाहेर गरे । पोखराको क्रिकेट विकासमा पूर्व अन्तर्राष्ट्रिय खेलाडी दिपेश खत्रीको योगदान अतुलनीय रहेको बताउँदै उनको अनुभव पोखराको क्रिकेट विकासमा लगाउनुपर्ने गोदारको भनाई थियो ।

पोखरा महानगर क्रिकेट संघका अध्यक्ष वीरेन्द्र पुनले क्रिकेटमा नवप्रतिभाशाली खेलाडी खोज्नका लागि ग्रासरुट कार्यक्रमलाई निरन्तरता प्रदान गरिने बताउँदै पोखरामा रचना चौधरी जस्तै सम्भावना बोकेका अन्य खेलाडीहरूले पनि आगामी दिनमा सफलताको सिडी चढ्ने विश्वास व्यक्त गरे । त्यस्तै नेपालको टिमबाट विश्वकप खेलिसकेका क्रिकेटर दिपेशले अहिले पनि एकल प्रयासमा लेखनाथमा मैदान निर्माण गरी क्रिकेट विकासका लागि विभिन्न प्रतियोगिताहरु सञ्चालन गर्दै आएको बताए ।

संघका उपाध्यक्ष समेत रहेका प्रशिक्षक गोविन्द प्रधानले आफ्नै चेली रचनाले विश्वकपको यात्रा तय गर्दा आफूभित्र खुसीको सिमाना नरहेको जनाए । अभिभावक दीपक आचार्यले हिजोसम्म पोखराको क्रिकेट मैदानमा आफ्नै बच्चाहरूसँग क्रिकेट खेल्दै गरेकी रचनालाई विश्वकप सम्म पुगेको देख्न पाउँदा क्रिकेटमा भोलिका दिन उज्जालो रहेको जनाए । दृश्यम मिडियाका सम्पादक विनोद लामिछानेले सम्मानित दुबैजनालाई बधाई ज्ञापन गर्दै पोखराको क्रिकेट विकासका लागि आफ्नों मिडियाले बिगतकै जस्तो सबैसंग सहकार्य गर्दै जाने बताए ।

# धार्मिक क्षेत्र बन्दै सेती बगर

पोखरापत्र संवाददाता
पोखरा, ३ मंसिर

पोखरा महानगरपालिका वडानम्बर २१ दोबिल्लाघाटमा १०८ धारासहतिको शिव मन्दीरको शिलान्यास गरिएको छ । देवघाट महेश्वरधाम, हरिहरगुफा एवम् नर्वदेश्वर मन्दीर सन्यास आश्रमधामका पीठाधीश डा. स्वामी श्री १००८ आत्मनन्द गिरी महाराज जीले एक कार्यक्रमकाबिच मन्दीरको शिलान्यास गरेका हुन् ।



दोबिल्लाघाटलाई धार्मिक स्थलको रुपमा विकास गर्ने दोबिल्लाघाट संरक्षण तथा व्यवस्थापन समितिको योजना अनुसार घाटमा शिव मन्दीरको शिलन्यास गरिएको हो । उक्त घाटमा यस पहिले शवदाहस्थल व्यवस्थित गर्न मलामीको लागि बिश्राम स्थल, अन्त्यष्टिका लागि आवश्यक दाउदा र दाउदा राख्ने गोदामघर निर्माण, बृक्षारोपण र तारवार लगाइएको थियो ।

मन्दीरको शिलान्यास गदै धर्मगुरु गिरीले सेती नदिको किनारमा बगरको रुपमा रहेको सार्वजनिक जमिन पवित्र धार्मिक क्षेत्रका लागि उपयुक्त स्थल रहेको बताए । उनले वैदिक, सनातनी र हिन्दूको संरक्षणका लागि पाठशाला संचालन गर्न पनि सुझाव दिए । मन्दीर शिलान्यास कार्यक्रममा बोल्दै पूर्वसभासद एवं उद्योगि कृष्णप्रसाद आचार्यले धार्मिक स्थलको संरक्षण र संम्बद्धनमा स्थानीयले अग्रसरता लिएको भन्दै आवश्यक सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे । उनले मन्दीर निर्माणमा ५ लाख रुपैया सहयोग गर्ने बचन पनि दिएका छन् । कार्यक्रममा बोल्दै जिल्ला समन्वय समिति कास्कीका सदस्य सिता विकले धार्मिक स्थालको रुपमा विकास गर्ने समितिको योजनमा साथ र सहयोग रहेको भन्दै जनप्रतिनिधिको हैसियतले आवश्यक सहयोग गर्ने बचन दिइन् । मन्दिर निर्माणका लागि पोखरा-२१ घर भइ हाल अमेरिका रहेका गोपाल रायमाझीले ५० हजार रुपैया आर्थिक सहयोग गरेका छन् । उनले यस पहिले पनि सोही स्थनाको संरक्षण र विकासका लागि १ लाख ५९ हजार रुपैया दिएको र थप ५ लाख रुपैया सहयोग गर्ने घोषणा गरेको समितिका अध्यक्ष भरत रायमाझीले जानकारी दिए ।

यस्तै अमेरिकाबस्ने बसन्त रायमाझीले २६ हजार ६ सय, अष्ट्रेलिया बस्ने सोनिया रायमाझीले ३५ हजार, टेकनाथ भण्डारीले २५ हजार, काठमाडौ घर भइ हाल अमेरिकामा बस्ने सिता थापाले १३ हजार ३ सय आर्थिक सहयोग गरेको समितिका सल्लाहकार मोती गिरीले जानकारी दिए । यस्तै मन्दीर निर्माणका लागि गोप्य दान साथै आमा समूह, टोल विकास संस्था लगायतका संघ संस्थाबाट समेत आर्थिक सहयोग प्राप्त भएको समितले जनाएको छ । कार्यक्रममा समितिका उपाध्यक्ष नेत्रलाल भण्डारीको स्वागत सचिव रमादेवी आचार्यले संचालन गरेकी थिइन् । मन्दीर शिलान्यास पहिलेसेतीनदिपुलदेखीघाटसम्म बाजागाजासहित कलस यात्रा निकालिएको थियो । कलय यात्रामा आमासमूह र स्थानीयहरुको ठुलो संख्यामा उपस्थिति रहेको थियो । सेती नदीको कटानबाट बचेको एक सय २० रोपनी जग्गालाई स्थानीयले संरक्षण गरेर राखेका छन् । सार्वजनिक जग्गाको संरक्षण पनि हुने र नदी किनारमा धार्मीक स्थल बनाउन उपयुक्त हुने भएकाले स्थानीयको सक्रियतामा मन्दीर निर्माढण थालिएको अध्यक्ष रायमाझीले बताए । उक्त क्षेत्रलाई गुरुयोजना बनाएर व्यवस्थित रुपमा विकास गरिने अध्यक्ष रायमाझीले जानकारी दिए । मन्दीर, आवास भवन निर्माण गर्ने ठुलाएकादशी र शिवरात्रिमा मेला लगाउने समितिको योजना छ ।

# व्यवसायिक ...

सीप विकास तालिम केन्द्र पोखराद्वारा आयोजित ३ महिने सीपमुलक तालिमको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै उनले व्यवसायिक सीपले व्यक्तिलाई रोजगारीमा प्रतिस्पर्धी बनाउन योगदान दिने बताए । "आत्मनिर्भर जीवनशैलीको लागि सीपको आवश्यकता छ । दक्ष जनशक्ति उत्पादनका लागि प्रदेश सरकारले सोहि बमोजिम लगानी गरिरहेको छ ।", उनले भने ।

मन्त्री थापाले काम गरेर कोहि पनि सानो नहुने र श्रमका लागि सीपको आवश्यकता पर्ने बताए । उनले सिकेको सीपलाई व्यवहारमा उतार्न सहभागीलाई सुझाव दिएका छन् । सीप सिकेर नेपालमा नै स्वरोजगारी बन्ने बाटोमा अग्रसर रहन मन्त्री थापाको अनुरोध छ । "सीप सिकेर युवाहरु विदेश पलायन भएको समस्या समाजमा व्याप्त छ, त्यस्तो हुनु भएन । सरकारले विदेश पठाउनका लागि सीप सिकाएको होइन । स्वदेशमा नै उद्यमशिल र स्वरोजगारी बन्ने बाटोमा अग्रसर हुनुपर्यो।", उनले भने । सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयका सचिव राजेन्द्र देव पाण्डेले समाजमा भएको निराशाजनक विषयको अन्त्य सीप सिकेर नै हुने उल्लेख गरे । तालिमले रोजगारीको अवसर सिर्जना गर्ने हुँदा यसको फाइदा उठाउन सहभागीलाई उनको अनुरोध छ । मन्त्रालयले आवश्यकताअनुसारको तालिम आगामी दिनमा पनि उपलब्ध गराउने जानकारी उनले गराएका छन् । व्यावसायिक तथा सीप विकास तालिम केन्द्र पोखराका प्रमुख लक्ष्मी भद्र वाग्लेले प्लम्बिङ्ग, आधारभूत केश श्रृङ्गार, विद्युत जडान, आधारभूत कटाई सिलाई, कपाल काट्ने(सैलुन), फेसन डिजाइनर, मन्टेश्वरी, मोबाइल मर्मत र आधारभूत कम्प्युटर गरी ९ वटा विषयवस्तुमा तालिम दिइने जानकारी गराए । उनका अनुसार तालिमका लागि प्रदेशभरबाट ४ सय जनाको आवेदन परेको र १ सय ९९ जना छनोट गरिएको छ ।

स्वरोजगार स्थापना र उद्यमशिलताको विकासका लागि आयोजना गरिएको तालिम प्रभावकारी हुनेमा उनी आशावादी छन् । आर्थिक वर्ष २०८१ र ०८२ को वार्षिक विकास बमोजिम तीन महिने र छोटो अवधिको गरि कुल ३७ वटा कार्यक्रम तय भएको जानकारी उनले गराए । कार्यक्रममा प्रशिक्षकको तर्फबाट कृष्ण प्रसाद थापा र सिता वाग्लेले आफ्नो धारणा राखेका थिए ।

# जनप्रिय क्याम्पसमा स्पोटर्स मिट पुरस्कार वितरण




पोखरापत्र संवाददाता
पोखरा, ३ मंसिर

जनप्रिय बहुमुखी क्याम्पसमा एसोसिएसन अफ बिबिए/बिआईएम स्टुडेन्ट (एबिबिएस) द्वारा आयोजित स्पोटर्स मिट-२०८१ को पुरस्कार वितरण कार्यक्रम सम्पन्न भएको छ ।

प्रमुख अतिथि एवम् क्याम्पस सञ्चालक समितिका अध्यक्ष वीरेन्द्रनारायण विजुक्छेले बिबिए कार्यक्रम पहिलो पटक उपत्यका बाहिर सञ्चालन गर्ने संस्थापक क्याम्पस प्रमुख गणेशमान पालिखेको पहलको प्रशंसा गर्दै विगत २ दशकदेखि जनप्रिय सर्वोकृष्ठ ठहरिएकाले जेएमसीका विद्यार्थी अब्बल छन् भन्ने मान्यतालाई कायम राख्न सुझाव दिए । विजुक्छेले थपे, पढेर विदेश जाने सोचभन्दा माथि उठेर स्वदेशमै व्यापार, वाणिज्य, उद्योग, जागिर र उद्यमशीलतामा लाग्न आग्रह गरे । क्याम्पस प्रमुख कृष्णबाबु बरालले अब्बल पढाइ र सफलताका लागि विद्यार्थीमा निहित प्रतिभालाई उजागार गर्न क्याम्पसले २०६२ सालदेखि नै एबिएस गठन गरी स्पोटर्स मिट र अतिरिक्त क्रियाकलाप सञ्चालन गरिरहेको जानकारी गराए । बिबिए/बिआईएम कार्यक्रम संयोजक यामकुमार बरालले अध्ययनसँगै अतिरिक्त क्रियाकलापमा विद्यार्थीको सहभागिता रह्यो भने व्यक्तित्व विकासमा सहयोग पुग्ने हुँदा यस किसिमका कार्यक्रमलाई निरन्तरता दिने बताए । स्पोटर्स मिटका विजयी प्रतिभालाई क्याम्पस सञ्चालक समितिका अध्यक्ष वीरेन्द्रनारायण विजुक्छे, क्याम्पस प्रमुख कृष्णबाबु बराल, निवर्तमान क्याम्पस प्रमुख रमेशबहादुर खड्का, बिबिए/बिआईएम कार्यक्रम संयोजक यामप्रसाद बरालले पुरस्कार, शिल्ड, ट्रफी, मेडल र प्रमाणपत्र वितरण गरेका थिए ।

स्पोटर्स मिटमा क्रिकेट, फुटसल, भलिबल, फुटबल, बुद्धिचाल, बास्केटबल, टग अफ वार, टेबल टेनिस, व्याटमिन्टन लगायतका खेलहरू समावेश गरिएका थिए । एबिबिएसका अध्यक्ष लक्ष्मण विकको सभापतित्वमा सम्पन्न पुरस्कार वितरण कार्यक्रममा उपाध्यक्ष प्रिया सिग्देलले स्वागत मन्तव्य राखेकी थिइन भने कञ्चन पौडेल र अनुज अधिकारीले कार्यक्रम सञ्चालन गरेका थिए ।

# गण्डकी प्रदेशमा १३ करोड ६४ लाख मुल्य बराबरको कृषि जन्य बस्तुमा क्षति

पोखरापत्र संवाददाता
पोखरा, ३ मंसिर

गण्डकी प्रदेशमा १३ करोड ६४ लाख ९३ हजार ३ सय ७ रुपैया मुल्य बराबरको कृषि जन्य बस्तुमा क्षती भएको छ । केही दिन अघि परेको हावाहुरी सहितको असिना पानीले थन्काउने वेलाको धान वाली सहित अन्य कृषि वालीमा उक्त मुल्य बराबरको क्षती भएको गण्डकी प्रदेशको कृषि विकास निर्देशनालयले जनाएको छ ।

वेमौसममा आएको हावा हुरी सहितको असिना पानीले गण्डकी प्रदेशका ९ जिल्लामा प्राकृतिक विपदका कारण यस बर्षको हिउँदको सुरुवातमा उक्त मुल्य बराबरको कृषि जन्य बस्तुमा क्षती भएको निर्देशनालयका महानिर्देशक वासुदेव रेग्मीले बताउनु भयो । मुस्ताङ र म्याग्दी बाहेक अन्य ९ जिल्लामा सो क्षतीले किसानहरु निकै मर्कामा परेको उहाँको भनाई थियो । सबै भन्दा बढी क्षती भने नवलपुरमा भएको छ । नवलपुरमा २ हजार १ सय ५९ मेट्रिकटन धानमा क्षति हुँदा ८ करोड २ लाख ७८ हजार ६२ रुपैया बराबरको क्षती भएको उहाँले जनाउनु भयो । नवलपुरमा ९ सय २१ हेक्टर क्षेत्रफलमा धानवाली सहित केरा, कागती लगायतका कृषि जन्य बस्तुमा क्षति पुगेको महानिर्देशक रेग्मीले जनाउनु भयो ।

त्यसै गरी कास्कीमा ५५ लाख ६५ हजार बराबरको कृषिजन्य बस्तुमा क्षती पुगेको कार्यालयले जनाएको छ । बागलुङमा १२ लाख २१ हजार, लमजुङमा ९० लाख, पर्वतमा १ लाख ११ हजार, तनहुँमा ९६ हजार, गोर्खामा ९५ लाख ४६ लाख ८ सय ७५ रुपैया बराबरको क्षती भएको उहाँले जनाउनु भयो । मनाङमा भने फापर, उवा, करु वालीमा क्षती हुँदा ३७ लाख बराबरको कृषि वालीमा क्षती भएको कार्यालयले जनाएको छ ।



महिला हिंसाका घटनालाई कानूनी दायरामा ल्याऔं

◆ महिला हिंसा जोसुकैबाट जुनसुकै बेला जहाँसुकै पनि हुन सक्छ,
◆ हिंसाका घटना लुकाउँदा, ढाकछोप गर्दा पीडक थप उत्साहित हुन सक्छन्,
◆ उत्साहित पीडकले थप घटना घटाउन सक्छन्, आफन्त, नातेदार, छिमेकी, साथीभाई वा सहकर्मी भनी पीडकलाई उम्कन नदिऔं, पीडकलाई कानूनी दायरामा ल्याऔं, सभ्य समाजको निर्माण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क बि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# स्थानीय तहका मुद्दा समाधानमा मेलमिलापलाई प्राथमिकता

**पोखरापत्र संवाददाता**
दमौली, ३ मंसिर

तनहुँका स्थानीय तहले मेलमिलापबाटै मुद्दाको समाधानमा जोड दिएका छन् । न्यायिक समितिमा दर्ता हुने मुद्दालाई मेलमिलापका माध्यमबाट समाधान गर्ने नीति जिल्लाका स्थानीय तहले प्राथमिकतामा राखेका हुन्

संविधानले पालिकाका उपप्रमुख वा उपाध्यक्षको नेतृत्वमा रहने न्यायिक समितिलाई विभिन्न प्रकृतिका मुद्दाको छिनोफानो गर्ने अधिकार दिएको छ । सोही अधिकार बमोजिम स्थानीय तहले मुद्दा फछ्र्यौट गर्दै आइरहेको छ । स्थानीय तहमा आउने मुद्दा मिलाउन विभिन्न पालिकाले वडास्तरमा पनि मेलमिलाप केन्द्र गठन गरिसकेका छन् ।

व्यास नगरपालिकाले गत आर्थिक वर्षमा ६९ मुद्दा फछ्र्यौट गरेको छ । त्यस आर्थिक वर्षमा न्यायिक समितिमा १०७ मुद्दा दर्ता भएका थिए । मुद्दा फछ्र्यौट गर्दा मेलमिलापलाई नै प्राथमिकता दिइएको न्यायिक समिति संयोजक एवं उपप्रमुख इन्दिरा दरैले बताउनुभयो । नगरपालिकाले प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना गरेको छ ।

न्यायिक समितिमा मुद्दाको चाप घटाउने र सामान्य विवादका घटनालाई वडाबाटै निरुपण गर्ने उद्देश्यले मेलमिलाप केन्द्र स्थापना गरिएको दरैको भनाइ छ । उहाँले भन्नुभयो, "सबै मुद्दा न्यायिक समितिमा पठाउँदा मुद्दाको चाप बढी हुने गर्छ, सामान्य विवादलाई वडामै छलफलबाट टुङ्ग्याउन सकिन्छ ।" उहाँका अनुसार मेलमिलाप केन्द्रमा समाधान हुन नसकेका मुद्दा मात्रै न्यायिक समितिमा पठाइन्छ । उहाँले भन्नुभयो, "कतिपय मुद्दा न्यायिक समितिबाटै निरुपण गर्नुपर्ने हुन्छ, त्यस्ता मुद्दा मेलमिलाप केन्द्रबाट न्यायिक समितिमा आउँछ ।"

स्थानीय शासन ऐन २०७४ बमोजिम नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा न्यायिक समिति गठन भएको छ । न्यायिक समितिमा दर्ता हुने केही मुद्दामा न्यायिक समितिले फैसला गर्ने र केही मुद्दा मेलमिलापबाट टुङ्गो लगाउनुपर्ने कानुनी प्रावधान रहेको छ । स्थानीयस्तरमा शान्ति, सौहार्दता र मेलमिलाप कायम गरी स्थानीय विकास प्रक्रियालाई टेवा पुऱ्याउन, महिला, दलित, आदिवासी, जनजाति, मधेशी, मुस्लिम, पिछडा वर्ग, सीमान्तकृत समुदायको सशक्तिकरण गरी सहभागितामूलक तरिकाबाट विवाद समाधान गर्न सहयोग गरी समाजमा न्याय, मानवअधिकार र नागरिक हितको सम्बर्द्धनमा मेलमिलाप केन्द्रले सहयोग पुग्ने दरैले उल्लेख गर्नुभयो । शुक्लागण्डकी नगरपालिकाको न्यायिक समितिले गत आर्थिक वर्षमा ३७ मुद्दा फछ्र्यौट गरेको छ । त्यसअवधिमा ६५ मुद्दा दर्ता भएको थियो । न्यायिक समितिका संयोजक एवं उपप्रमुख खुमबहादुर विकले न्यायिक समितिमा घरायसी झैझगडा, जग्गा विवाद लगायतका मुद्दा आउने गरेको बताउनुभयो । दुवै पक्षको चित्त बुझ्ने गरी मेलमिलापबाट मुद्दाको छिनोफानो गर्ने नीति लिइएको उहाँले बताउनुभयो । भानु नगरपालिकाले त्यसअवधिमा २१ मुद्दा फछ्र्यौट गरेको छ । उपप्रमुख उमा गोतामेका अनुसार न्यायिक समितिमा २१ मुद्दा दर्ता भएका थिए । भिमाद नगरपालिकाको न्यायिक समितिले ३२ मुद्दा फछ्र्यौट गरेको छ । उपप्रमुख शारदा खनालका अनुसार न्यायिक समितिमा ४१ मुद्दा परेका थिए । मुद्दाको छिनोफानोका लागि न्यायिक समितिको ४१ पटक बैठक बसेको उहाँले जानकारी दिनुभयो । ऋषिङ गाउँपालिका न्यायिक समितिमा आठ मुद्दा दर्ता भएकामा एउटा फछ्र्यौट भएको छ । गाउँपालिकाका उपाध्यक्ष एवं न्यायिक समितिका संयोजक गिनुमाया श्रेष्ठले 'फलोअप' तथा उजुरीसम्बन्धी उजुरीकर्ताको चासो नभएको तथा केही मुद्दा अदालत गएकाले बाँकी उजुरी न्यायिक समितिबाट कारवाही नभएको बताउनुभयो । देवघाट गाउँपालिकामा सात मुद्दा दर्ता भएकामा तीन वटा मुद्दा फछ्र्यौट भएको छ । घिरिङ गाउँपालिकामा १५ मुद्दा दर्ता भएकामा १० फछ्र्यौट भएका छन् ।

# परिवार नियोजन संघको केन्द्रीय अध्यक्षमा डा श्रेष्ठ निर्वाचित

**पोखरापत्र संवाददाता**
बागलुङ, ३ मंसिर

नेपाल परिवार नियोजन सङ्घको केन्द्रीय अध्यक्षमा चितवनका डा राजेन्द्रबहादुर श्रेष्ठ विजयी हुनुभएको छ ।

बागलुङबजारमा सम्पन्न ४२औँ केन्द्रीय सभामा अध्यक्ष पदमा चारजना प्रतिस्पर्धा रहेका थिए । अधिवेशनमा देशभरका २७ शाखाका प्रतिनिधि र पर्यवक्षेकहरूको सहभागिता रहेको थियो । निर्वाचनको मत परिणामअनुसार डा राजेन्द्रबहादुर श्रेष्ठ र निरन्जनप्रसाद श्रेष्ठले बराबर मत प्राप्त गर्नुभएको थियो । श्रेष्ठ गोलाप्रथाबाट चयन हुनुभएको हो । दुवै जनाले १०/१० मत प्राप्त गर्नुभएको निर्वाचन अधिकृत भूमिश्वर गौतमले जानकारी दिनुभयो । अध्यक्षका अन्य प्रत्याशी मनोजप्रसाद उप्रेतीले पाँच र डा किरण रेग्मीले दुई मत प्राप्त गर्नुभएको थियो । यस्तै, कोषाध्यक्षमा निर्माणकुमार श्रेष्ठ निर्वाचित हुनुभएको छ । प्रतिस्पर्धी जनकराज जोशीलाई दुई मतले हराउँदै श्रेष्ठ कोषाध्यक्षमा निर्वाचित हुनुभएको हो ।

श्रेष्ठले १२ मत प्राप्त गर्दा प्रतिस्पर्धी जोशीले १० र सुरेन्द्र बस्नेतले पाँच मत मात्र प्राप्त गर्नुभएको थियो । यस्तै, महिला सदस्यमा कमला सापकोटा र राधिका गुरुङ निर्वाचित हुनुभएको निर्वाचन अधिकृत गौतमले जानकारी दिनुभयो । दुई पदमा तीन जनाबीच प्रतिस्पर्धा भएको थियो । निर्वाचित सदस्यद्वयमध्ये सापकोटाले २० र गुरुङले १६ मत प्राप्त गर्नुभएको थियो भने प्रतिस्पर्धी नितु बस्नेतले १४ मत प्राप्त गर्नुभयो ।

गौतमका अनुसार सङ्घको नेतृत्वका लागि विधानअनुसार अध्यक्ष, कोषाध्यक्ष, महिला सदस्य, युवा सदस्य र विशेषज्ञ सदस्य गरी नौ पदमा निर्वाचन सम्पन्न भएको थियो । जसमध्ये युवा सदस्यमा प्रमिला खड्का र विशेषज्ञ सदस्य पदमा भागरथी भट्ट निर्विरोध निर्वाचित भएका थिए ।

यस्तै, विशेषज्ञतर्फ यौनिक अल्पसङ्ख्याक वा अपाङ्गता भएकाबाट सजिया श्रेष्ठ, कानुनबाट चन्द्रमाया श्रेष्ठ, अर्थबाट गजेन्द्रदेव लेखक र यौन तथा प्रजनन विशेषज्ञबाट दिनेशमान सिंह प्रधान निर्विरोध निर्वाचित हुनुभएको छ ।

# ढोरपाटनमा नि:शुल्क आँखा शिविर: एक हजार ५५ जनाले लिए सेवा

**पोखरापत्र संवाददाता**
बागलुङ, ३ मंसिर

ढोरपाटन नगरपालिका-१ बुर्तिबाङमा भएको निःशुल्क आँखा शिविरबाट एक हजार ५५ जनाले सेवा लिएका छन् । शनिबारदेखि सुरु भएको शिविरबाट जिल्लाको ढोरपाटन नगरपालिका, निसीखोला,तमानखोलारबडिगाड गाउँपालिकाका नागरिकले सेवा लिएका हुन् ।

ढोरपाटन नगरपालिका र लायन्स क्लब अफ ढोरपाटनको सहकार्यमा भएको शिविरमा आँखाको चेकजाँचसँगै उपचार र मोतियाविन्दुको शल्यक्रियासमेत गरिएको छ । शिविरको पहिलो दिन पाँच सय ८१ जना र दोस्रो दिन चार सय ७४ जना नागरिकले सेवा लिएको लायन्स क्लब अफ ढोरपाटनका अध्यक्ष छविलाल पाण्डेले जानकारी दिनुभयो । दुई दिनमा ५४ जनाको निःशुल्क मोतियाविन्दुको शल्यक्रिया गरिएको उहाँको भनाइ छ ।

शिविरबाट थप १५ जनाको आँखाको शल्यक्रिया गर्न सिफारिस गरेको आँखा रोग विशेषज्ञ विनम लामिछानेले बताउनुभयो । शिविरमा नेपाल नेत्र ज्योति सङ्घ, हिमालय आँखा अस्पताल पोखरा, धौलागिरि आँखा अस्पताल बागलुङको प्राविधिक सहयोग रहेको थियो । ताकम फाउन्डेसन नेदरल्याण्ड्सको विशेष सहयोग बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्र, नेपाल रेडक्रस सोसाइटी उपशाखा बुर्तिबाङ, ढोरपाटन उद्योग वाणिज्य सङ्घ, बुर्तिबाङ राइजिङ युवा क्लबले प्राविधिक सहयोग गरेका थिए ।

गत बिहीबार तमानखोला गाउँपालिकामा पनि निःशुल्क आँखा शिविर सञ्चालन भएको थियो । उक्त शिविरबाट आठ सय जनाले सेवा लिएका थिए ।

# पृथ्वीराजमार्ग दैनिक साढे चार घण्टा बन्द

**पोखरापत्र संवाददाता**
दमौली, ३ मंसिर

पृथ्वीराजमार्गअन्तर्गत तनहुँको व्यास नगरपालिका-१२ छिर्कनेदेखि देउराली सडकखण्ड सोमबारदेखि २० दिनसम्म दैनिक साढे चार घण्टा बन्द हुने भएको छ ।

निर्माणाधीन मुग्लिन पोखरा सडकअन्तर्गत छिर्कने देउराली सडकखण्डमा कामलाई तीव्रता दिन यही मङ्सिर २३ गतेसम्म दैनिक साढे चार घण्टा सडकमा सवारी आवगमन बन्द गर्न लागिएको हो । उक्त सडकखण्ड दुई चरणमा बन्द गरी काम गरिने मुग्लिन पोखरा सडक योजना (पूर्वी खण्ड) का इन्जिनियर विष्णुप्रसाद पाण्डेले जानकारी दिनुभयो । पाण्डेका अनुसार सोमबार राति ११ बजेदेखि बिहान १ बजेसम्म सडक पूर्ण रुपमा बन्द गरी सडक निर्माण गरिनेछ । राति १ बजेदेखि १:३० बजेसम्म सडकमा सवारी आवागमन खुला गरिनेछ भने दोस्रो चरणमा राति १:३० बजेबाट विहान ४ बजेसम्म सडक बन्द गरी निर्माण कार्य गरिने पाण्डेले बताउनुभयो । आकस्मिक अवस्थामा विशेष व्यवस्था गरी सवारी पास गराइने पाण्डेले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "मुग्लिन पोखरा सडक योजनाको पूर्वी खण्डमा सडक निर्माणको कामलाई तीव्रता दिनका लागि छिर्कनेदेखि देउराली खण्डमा अत्यावश्यक सवारी बाहेक अन्य सवारी साधनका लागि उक्त अवधि पूर्ण रुपमा बन्द रहनेछ ।" उक्त अवधिमा रोकिने सवारी साधनहरूले सवारी रोक्दा र सवारी चलाउँदा कडाइका साथ लेन अनुशासन कायम राख्न तथा सवारी लामबद्ध भएको अवस्थामा जथाभाबी ओभरटेक नगर्न आग्रह गरिएको छ । मुग्लिन पोखरा सडकखण्डअन्तर्गत पूर्वी खण्डमा हालसम्म ६८ प्रतिशत प्रगति भएको छ । पाण्डेका अनुसार पूर्वी खण्डअन्तर्गत १४ वटा साना पुल निर्माण सकिएका छन् । त्यस्तै दुई ठूला पुल र एक सय तीन कल्भर्ट निर्माण सकिएको पाण्डेले जानकारी दिनुभयो ।

व्यास नगरपालिका-४ र ५ जोड्ने मादी नदीमा निर्माण भइरहेको पुलको काम ४५ प्रतिशत सकिएको छ ।

पूर्वी खण्डमा विसं २०७७ माघ १७ गते सम्झौता भई २०७८ वैशाख २ गतेदेखि काम सुरु भएको थियो । पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेशन कन्स्ट्रक्सनलेपाएकोछ।सडकतर्फ ६८ प्रतिशत सकिएको छ ।


**गण्डकी प्रदेश सरकार**
**उद्योग, पर्यटन,वन तथा वातावरण मन्त्रालय**
**पर्यटन,उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

**हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

सूचना प्रथम पटक प्रकाशित सूचना २०८१/०७/३०

यस कार्यालयबाट मिति २०५६/०४/०७ मा कास्की जिल्ला पोखरा १७ कास्कीमा संचालन गर्ने गरि मादन कुडारी ०७ काभ्रेपलाञ्चोक निवासी कैलाश लामाको नाउँमा दर्ता भएको फर्म दर्ता नं. ३३४९/०५६/०५७ को गुप्तेश्वर निर्माण सेवा नामक प्राईभेट फर्मको प्रोप्राईटरको मिति २०७८/१०/०१ मा मृत्यु भएको हुँदा पोखरा ०९ कास्की निवासी निजको श्रीमती श्री दुर्गा कुमारी तमाङ्गले मिति २०८१/०७/३० मा आफ्नो नाममा फर्म नामसारी गरीपाँउ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवम् कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्यादभित्र लिखित उजुरी नपरेमा उक्त फर्म श्री दुर्गा कुमारी तमाङ्गको निवेदन अनुसार नामसारी भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**



**Gandaki Province Government**
**Ministry of Health**
**Infectious and Communicable Disease Hospital (ICDH)**
**Pokhara-30, Mohoriya, Kaski, Nepal**

**Invitation for Online Bids**

**(Date of Publication: 19 November 2024 (2081/08/04 BS)**

- Infectious and Communicable Disease Hospital, (ICDH) Kaski invites online bids only under e-procurement system from eligible bidders for the Procurement and Supply of Medicines in Per Unit Rate Basis mentioned in the table. All other information and Bid Document can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp or may obtain at office, Phone No. 061-564366. All eligible bidders are requested to submit e-bid only as per instructions within the mentioned period.

| Contract ID Number | Description of Procurement | Bid Document Fee (NRs) | Bid Security amount (NRs) | Period of validity for Bid Security | Bidding Procedures | Last Date of Bid Submission |
|---|---|---|---|---|---|---|
| ICDH/GOODS /NCB/ebid-02/081-82 | Procurement and Supply of Medicines | 3,000.00 | 1,80,000.00 | 120 days from the last date of bid submission | Single Stage Single Envelope procedure | 19 December 2024 (2081/09/04 BS) on 12:00 hours |

- The bidder may submit the bid as mentioned below and offer discounts.
- Information to deposit the cost of Bid document and Bid Security in Bank are as follows :-

| For purchasing bidding document : | For Bid Security (Cash or Bid security from Commercial Bank or Financial Institution eligible to issue Bank Guarantee.) : |
|---|---|
| **Bank:** Rastriya Banijya Bank Ltd, Prithvi Chowk, Pokhara | **Bank Name:** Rastriya Banijya Bank Ltd, Prithvi Chowk , Pokhara |
| **Office Code No:** 3501239014 | **Account Name:** Pradesh Lekha Niyantrak Karyalaya |
| **Office Name:** Infectious and Communicable Disease Hospital, Kaski | **Dharauti Account Number:** 3020100202030000 |
| **Account No :** 1000100200010000 | **Office Code No:** 3501239014 |
| **Rajaswa(revenue) Shirshak No :** 14229 | **Office Name:** Infectious and Communicable Disease Hospital, Kaski |

- Bid shall be evaluated on itemwise (per unit rate basis). Bidders must submit the complete Price Schedule. Incomplete Price Schedule will not be taken for evaluation process.
- Pre-bid meeting will be held at ICDH, Pokhara-30, Kaski, Nepal at 08 December 2024 (2081/08/23 BS) on 14:00 hours.
- The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 19 December 2024 (2081/09/04 BS) on 13:00 hours at the office of Infectious and Communicable Disease Hospital, Pokhara-30, Kaski.

**Executive Director**